"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-

चलानी नं. :- ७०८५

मितिः २०७९/०२/०६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सबै विद्यालयहरु (सामुदायिक तथा संस्थागत),
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३८६, मिति २०७९/०१/२७ को सार्वजनिक विदा र शैक्षिक सत्रको व्यवस्थापन सम्बन्धी पत्र यसैसाथ संलग्न छ । पत्रबाटै व्यहोरा अवगत गरी सोहीबमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

..........................
रमेशकुमार शाह
शाखा अधिकृत (अधिकृत सातौं)

बोधार्थः
श्री सूचना शाखा, धरान उपमहानगरपालिका :- पत्र website मा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

पत्र संख्या:- ७८।७९

चलानी नं.:- ३८६८

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः २०७९।०१।२७

विषयः सार्वजनिक विदा र शैक्षिक सत्रको व्यवस्थपन वारे ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।०१।१३ मा परिक्षणको रुपमा २०७९ जष्ठ १ गते देखि लागु हुनेगरी शनिवार र आइतबार सार्वजनिकविदा दिने निर्णय भएकोले सो निर्णय कार्यान्वयनको सन्दर्भमा शिक्षण संस्थामा हुने क्रियाकलापलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तथा विदा सम्बन्धी निर्णय कार्यान्वयनमा एकरुपता कायम गर्नका लागि देहाय बमोजिम हुनेगरी गर्न गराउन त्यस मन्त्रालयबाट सबै स्थानीय तहमा लेखि पठाउन मिति २०७९।०१।२७ मा (माननीय मन्त्रीस्तरको) निर्णय अनुसार अनुरोध छ ।

१. विद्यालयहरूले साविक बमोजिम नै विहान १० बजे देखि अपरान्ह ४.०० बजे सम्म विद्यालयमा पठन पाठन सञ्चालन गर्ने ।
२. शुक्रवार दिनको १.०० बजेसम्म पठन पाठन सञ्चालन हुँदै आइरहेकोमा सो दिन पनि अन्य दिनहरूमा जस्तै अपरान्ह ४.०० बजेसम्म पठन पाठन सञ्चालन गर्ने गराउने ।
३. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेबमोजिमको पाठ्य घन्टा (Credit Hour) र कार्यघण्टा (Working Hour) मा नघट्ने गरी पठनपाठनका कार्यहरू सञ्चालन गर्नका लागि आईतवार सार्वजनिक विदा दिएका कारण अपुग हुने समयावधी हिंउदे वा वर्षे वा अन्य विदाबाट कटाइ पूर्ति गर्ने । यसो गर्दा वर्षभरीमा अधिकतम ३० दिन सम्म एकै पटक वा पटक पटक गरेर विदा दिन सकिने गरी स्थानीय तहले विदा समायोजन गर्ने ।

निर्मला निरौला
शाखा अधिकृत

फोन नं.: